म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३०२ बुधबार ३० जेठ २०८१ ने. सं. ११४४ तछलाथ्व 12 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाउँपालिका अध्यक्षको घरमा आगलागी ५० मुरी खाद्यान्न नष्ट

हेटौंडा, २९ जेठ/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतानको घरमा मंगलबार मध्यान्हको समयमा आगलागी भएको छ । मकवानपुरगढी गाउँपालिका वडा नं.३ धमिलेस्थित अध्यक्ष स्याङतानको घरमा भएको आगलागीबाट २५ मुरी धान, १५ मुरी कोदो, १० मुरी मकै जलेर नष्ट भएको छ ।

घरमा लागेको आगो प्रहरी, स्थानीय र हेटौंडा उपमहानगर पालिकाको दमकलको सहयोगमा करिब एक घण्टा ४५ मिनेटमा नियन्त्रणमा आएको प्रहरीले बताएको छ । आगलागीबाट घर जलेर पूर्णरुपमा क्षति भएको र घरमा रहेका लत्ताकपडाहरु, भाँडावर्तन पनि जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले बताए ।

# 'वृद्धवृद्धालाई दुःख भएपछि' १० वटै पालिकामा राष्ट्रिय परिचयपत्र शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाको १० वटै गाउँपालिकामा राष्ट्रिय परिचय विवरण दर्ताका लागि टोली खटाउने भएको छ ।

आज बुधवारदेखि प्रशासनले गाउँपालिका केन्द्रहरुमा राष्ट्रिय परिचयपत्र बनाउनका लागि कार्यतालिका नै बनाएर काम सुरु गर्दैछ । ज्येष्ठ नागरिक भत्ताका लागि राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने भएपछि यतिबेला प्रशासनमा जिल्लाभरका ज्येष्ठ नागरिकको भीड लागेको छ । अत्याधिक भीडका कारण ज्येष्ठ नागरिकलाई सास्ती भोग्नु परेपछि प्रशासनले गाउँगाउँमै अभियान लगेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए ।



सामाजिक सुरक्षा भत्ताको लागि सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा परिचयपत्र बनाउनेको भीड बढेको हो । भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य बनाएपछि परिचयपत्र बनाउन विशेषगरी ज्येष्ठ नागरिक र अपाङ्गता भएकाले सास्ती पाएका थिए । शारीरिकरुपमा अशक्त बनिसकेका ज्येष्ठ नागरिकले परिचयपत्र बनाउन दिनभर लाइन लाग्दासमेत पालो नपाउनाले हैरानी बेहोरेका थिए । दिनभर लाइन बस्दा पनि पालो नपाएर फर्कनुपरेको सेवाग्राहीको गुनासो थियो ।

'परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालयमा वृद्धवृद्धा र अपाङ्गता भएकाहरु भीड लाग्न थालेपछि प्रशासन कार्यालयले सेवाग्राहीको सहजताका लागि पालिकाको केन्द्रमा परिचयपत्र बनाउने टोली नै खटाएको हो,' प्रजिअ चिलुवालले भने । सम्बन्धित पालिकाको समन्वयमा परिचयपत्र बनाउने टोली बुधबारदेखि खटिने उनले बताए । पालिकाअनुसार टोली आउने मिति नै तोकिएको छ ।

बुधबार राक्सिराङ गाउँपालिकाको केन्द्र चैनपुरमा टोली पठाउन लागिएको प्रजिअ चिलुवालले जानकारी दिए । एउटा पालिकामा टोली चार दिनसम्म बसेर राष्ट्रिय परिचयपत्र बनाउने काम हुने उनले बताए । दोस्रो टोली बिहीबारदेखि बागमती गाउँपालिकाबाट खटिने छ । चार दिन एउटा गाउँपालिकामा टोली खटिएपछि त्यही टोली अर्को पालिकामा खटिने व्यवस्था मिलाएको प्रजिअ चिलुवालले बताए ।

९ वटा पालिकाको केन्द्रमा दुईवटा टोली बनाएर राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्न लागिएको हो । हेटौंडा उपमहानगर पालिकाभित्र रहेको सामाजिक सुरक्षाभत्ता बुझ्नेहरुको राष्ट्रिय परिचयपत्र प्रशासन कार्यालयमा नै बन्ने चिलुवालले जानकारी दिए । पहिलो टोलीले असार ३, ४, ५ र ६ गते कैलाश गाउँपालिकामा, असार ८, ९, १०, ११, १२ र १३ गते थाहा नगर पालिकामा र इन्द्रसरोबर गाउँपालिकामा असार १५, १६, १७ र १८ गते विवरण दर्ता शिविर हुने प्रजिअ चिलुवालले जानकारी दिए ।

दोस्रो टोलीले बागमती गाउँपालिकामा जेठ ३१, ३२ र असार १ र २ गते, असार ४, ५, ६ र ७ गते बकैया गाउँपालिकामा, असार ९, १०, ११ र १२ गते मकवानपुरगढी गाउँपालिकामा, असार १४, १५, १६ र १७ गते भीमफेदी गाउँपालिकामा र असार १९, २०, २१ र २२ गते मनहरी गाउँपालिकामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर सञ्चालन हुने प्रशासनले जानकारी दिएको छ ।

नागरिकले राज्यबाट सेवासुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र (नेसनल आईडी) को प्रयोग अनिवार्य गर्दै जाने सरकारले रणनीति अघि सारेको छ । राष्ट्रिय परिचयपत्रको एउटै कार्डमा उल्लिखित नम्बरका आधारमा नागरिकले पाउने सेवासुविधामात्र होइन, व्यक्तिको आर्थिक र व्यापारिक कारोबारको सबै विवरण क्यूआर कोडमा स्क्यान गरेर हेर्न सकिने सफ्टवेयरको परीक्षण भइरहेको छ ।

आगामी साउनदेखि सामाजिक सुरक्षाभत्ता र पेन्सनको नवीकरण बायोमेट्रिक भेरिफिकेसन मार्फत गर्ने प्रणाली लागू गर्ने निर्णय भइसकेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले जनाए । यसको प्राविधिक परीक्षण पनि भइसकेको छ । अब सामाजिक सुरक्षाभत्ता र पेन्सन लिने ७७ जिल्लाका नागरिकले बर्सेनि नवीकरण गर्न सम्बन्धित वडा वा पालिकामा नगई आफूलाई सुविधा पुग्ने स्थानबाट गर्न सक्ने व्यवस्था साउनदेखि नै लागू हुनेछ । यस्तो व्यवस्थाले सामाजिक सुरक्षाभत्ता र पेन्सन दोहोरो सुविधा लिन सक्ने सम्भावनालाई बन्देज लगाउनेछ ।

अहिले देशभर ३८ लाख ज्येष्ठ नागरिकले सामाजिक सुरक्षाभत्ता लिइरहेका छन् । पेन्सनबापत भने बर्सेनि करिब ७७ अर्ब खर्च हुने गरेको परिचयपत्र विभागले जनाएको छ । परिचयपत्र अनिवार्य गरेपछि एउटै व्यक्तिले दोहोरो सुविधा लिन खोजे प्रणालीले नै रोक्ने सफ्टवेयर निर्माण गरिएको छ । पेन्सन र सामाजिक सुरक्षाभत्ता लिने ज्येष्ठ नागरिकका लागि पनि परिचयपत्रले सजिलो बनाउने विभागको उद्देश्य छ ।

# सवारी साधनमा उपचार बक्स राख्न आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ योगदान राष्ट्रको लागि मकवानपुरले सवारीसाधनमा प्राथमिकउपचार बक्स अनिवार्य गर्न आग्रह गर्दै जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ ।



योगदान राष्ट्रको लागि मकवानपुरका अध्यक्ष मिलन सेंडाईको सभाध्यक्षतामा हेटौंडाको बुद्धचोकमा प्राथमिक उपचार सम्बन्धी र दुर्घटना न्यूनीकरण सम्बन्धी सचेतनामूलक अभियान चलाइ अभियान सुरु गरेको हो । अभियानको क्रममा हेटौंडा, भैंसे हुँदै काठमाडौं जाने सवारीसाधनमा प्राथमिक उपचारसम्बन्धी 'किड ब्याक' छ/छैन भने जाँच गरी चालकलाई प्राथमिक उपचार बक्सको बारेमा जानकारी दिइएको थियो । उनीहरुलाई नमूनास्वरुप प्राथमिक उपचार बक्स समेत वितरण गरिएको छ ।

सचेतनामूलक अभियानमा करिब १ सय ५० जना भन्दा बढीको उपस्थिति रहेको थियो । अभियानमा केन्द्रीय सदस्य अभिषेक उप्रेतीले विद्युत् करेन्ट लागेमा, आगलागी भएमा, घाउचोट लागेमा, बेहोस भएमा वा हृदयघात भएमा गर्नुपर्ने उपचार विधिबारे जानकारी दिएका थिए । केन्द्रीय सदस्य रुपक कालिराजले प्राथमिक उपचारको आवश्यकता र महत्वका बारेमा चर्चा गरे ।

करिब ५० वटा सवारी साधनमा प्राथमिक उपचारसम्बन्धी बक्स जाँच गर्दा कुनै पनि सवारीमा नभेटेको र आउँदा दिनमा राख्नका लागि आग्रह समेत गरिएको थियो । यस अभियान अर्थात् सचेतना अभियान आफैंमा सकारात्मक भएको र प्राथमिक उपचारसम्बन्धी बक्स राख्नुपर्ने र आउँदा दिनमा राख्ने चालकहरुले प्रतिबद्धता समेत जनाएको संस्थाका सचिव मनिष अधिकारीले बताए । सचेतनामूलक अभियानमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले पनि सहकार्य गरेको छ ।

# विद्युत प्राधिकरणलाई मउवासंघको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले नेपाल विद्युत प्राधिकरण, हेटौंडा वितरण केन्द्रलाई ध्यानाकर्षणपत्र बुझाएको छ । वितरण केन्द्र प्रमुख शिवराम यादवको कार्यकक्षमा मउवासंघको डेलिगेशन टोली गई मंगलबार ध्यानाकर्षण गराएको हो ।

पटकपटक भइरहेको लोडसेडिङले उद्योगी/व्यवसायी र सर्वसाधारणलाई समस्या परेको जिकिरसहित मउवासंघले पत्र बुझाएको हो ।

ध्यानाकर्षणपत्रमा दैनिक १८ घण्टा लोडसेडिङ हुने अत्यासलाग्दो बिगतबाट हाल निकै सुधारको अवस्थामा विद्युत क्षेत्र रहेको, हालै ४०० केभी क्षमताको हेटौंडा सबस्टेशन तयार भई संचालनमा आएको, जसले विद्युतको आन्तरिक पर्याप्ततालाई सुनिश्चित गर्ने अवस्था रहेको बताइएको छ । भारत निकासी गर्न मार्गप्रशस्त हुने विश्वाससमेत लिइएको, यसरी विद्युत उत्पादनमा फड्को मार्दै गर्दा पनि हेटौंडामा दैनिक रुपमा लोडसेडिङ भइरहने अवस्थाले उद्योगी/व्यवसायी तथा सर्वसाधारण समस्यामा परेको, अघोषित लोडसेडिङले ईलेक्ट्रोनिक सामानहरुमा खराबी निम्त्याउने, औद्योगिक तथा घरायसी उपकरणहरुमा क्षति पुग्ने, उत्पादकत्वमा असर पर्ने, चोरीको सम्भावनासमेत बढ्नसक्ने र जनस्तरमा असहजता निम्त्याउने भएकाले ध्यानाकर्षण गराइएको पत्रमा उल्लेख छ ।

साथै पटकपटक भइरहेको अघोषित लोडसेडिङलाई यथाशीघ्र नियन्त्रण गरी उद्योगी/व्यवसायी तथा सर्वसाधारणलाई सुविधाको प्रत्याभूति गराइदिन संघले नेपाल विद्युत प्राधिरणासमक्ष ध्यानाकर्णपत्रमार्फत अनुरोध गरेको छ ।

# एक महिनामा दूधको भुक्तानी गर्न सचेतक बर्तौलाको माग

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/नेकपा एमालेका प्रमुखसचेतक महेश बर्तौलाले एक महिनाभित्र दूधको मूल्यको बाँकी भुक्तानी गर्न माग गरेका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने, 'मेरो आग्रह छ, हाम्रो तर्फबाट कसरी सहजीकरण गर्नुपर्छ तयार छौं । माननीय मन्त्रीज्युले एक महिनाभित्र दूधको मूल्य भुक्तानी गर्ने प्रक्रियाका लागि आफ्ना तहबाट पहलकदमी प्रभावकारी ढंगबाट होस् ।,'

रासायनिक मल कारखाना स्थापनाको माग भइराखेको उल्लेख गर्दै उनले सरकारले प्राङ्गारिक मलको प्रयोगका लागि प्रोत्साहन गर्नुपर्ने बताए । ७५३ वटै पालिकामा एक/एक वटा प्राङ्गारिक मलकेन्द्र स्थापना गर्न आवश्यक रहेको उनको सुझाव छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# अस्पताल र प्रतिष्ठान

हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत नराखी छुट्टै सञ्चालन गर्नुपर्ने माग सर्बत्र उठेको छ । मकवानपुरमा क्रियाशील राजनीतिक दल, तरुण युवा, विद्यार्थी संगठन, हेटौंडा अस्पतालका कर्मचारी, नागरिक समाज सबैतिरबाट हेटौंडा अस्पताललाई सरकारी अस्पतालकै अवस्थामा राखेर प्रतिष्ठानले शिक्षण सिकाई अभ्यासका लागि प्रयोग गर्न दबाव सृजना गरिएको छ । राजनीतिक दलहरुले बारम्बार बिरोध गर्दा पनि प्रतिष्ठानपक्षले एक्लौटी ब्यवहार गर्दै गएको भन्दै आलोचना भएको छ । केहीदिन अघिमात्र हेटौंडा अस्पतालका निर्देशक डा. श्रीधर अर्यालको संयोजकत्वमा अस्पतालका सबै कर्मचारीको बैठक बसेको थियो । छलफलमा प्रतिष्ठानले हेटौंडा अस्पतालको आर्थिक एबम् प्रशासनिक अधिकारमाथि गैर कानूनी ढंगले हस्तक्षेप तथा अतिक्रमण गरेको विषयमा तीब्र बिरोध भयो । हेटौंडा असपतालका सरकारी दर्बन्दीका चिकित्सकहरु, स्वास्थ्यकर्मीहरु, कर्मचारीहरु, विकास समितिअन्तरगतका कर्मचारीहरुले प्रतिष्ठानको कार्यशैलीप्रति मुख्यमन्त्री, मन्त्रिपरिषदको कार्यालयलाई ध्यानाकर्षण गराउने निर्णय गरेका छन् । बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलगायत निकायलाई ध्यानाकर्षण गराउने निर्णय भएको छ ।

हेटौंडा अस्पतालमा प्रतिष्ठानले संचालन गरिरहेको आर्थिक तथा प्रशासनिक शाखालाई हेटौंडा अस्पतालबाट हटाउने र हेटौंडा अस्पताललाई स्वायत्त रुपमा संचालन गर्ने ब्यवस्था मिलाउन आग्रह गर्ने निर्णय भएको छ । हेटौंडा अस्पतालको खाता करारमा नियुक्त भएका प्रतिष्ठानका कर्मचारीबाट गराएर प्रतिष्ठानले गैरकारनूनी काम गरिरहेको छ । सरकारले तोकेको मापदण्डमा स्थायी नियुक्ति भएका कर्मचारीलाई जिम्मेवारीबाट अलग गरेर प्रतिष्ठानले करारमा नियुक्ति गरेका निर्देशक, लेखाअधिकृतबाट अस्पतालको खाता संचालन गरी कानूनको अपब्याख्या गरिएको छ । प्रतिष्ठानले शिक्षण सिकाइका लागि हेटौंडा अस्पताललाई प्रयोग गर्न समस्या थिएन । तर, राजनीति शक्तिका आडमा सरकारी अस्पताललाई कब्जा गर्ने शैलीको मकवानपुरका राजनीतिक दलहरुले पनि बिरोध गरिरहेका छन् । बागमती प्रदेश सरकारले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत गाभ्ने निर्णय गरेसँगै त्यसको विरुद्धमा क्रियाशील राजनीतिक दलले हेटौंडा अस्पताललाई छुट्टै राख्न माग गरिरहेका छन् । हेटौंडामा राजनीतिक दलको भेलाले जिल्लाको गौरवको रुपमा रहेको हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत नराख्न प्रदेश सरकारसँग माग गर्ने निर्णय गरेको हो । राजनीतिक दलको भेलाले हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत लैजाने गरी बनाएको ऐन संशोधन गरी हेटौंडा अस्पतालमा नगाभ्न माग गर्ने निर्णय गरेको नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुन चौलागाईंले जानकारी दिए । हेटौंडा अस्पताललाई स्वायत्तरुपमा सञ्चालन गर्नुपर्ने, प्रतिष्ठानका लागि आवश्यक अस्पताल छुट्टै स्थापना नभएसम्मका लागि शिक्षण सिकाइ अभ्यासका लागि प्रयोग गर्न सकिने नेपाली कांग्रेसले जनाएएको छ ।

प्रतिष्ठानलाई उद्देश्य अनुसार प्रभावकारी रुपमा सञ्चालन गर्न माग गर्ने दलहरुले निर्णय गरेका छन् । यसअघि कांग्रेस मकवानपुरले कांग्रेसबाट बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यसँग छलफल आयोजना गरी अस्पताललाई प्रतिष्ठानमा गाभ्ने निर्णय गलत भएको भन्दै ध्यानाकर्षण गराएको थियो । प्रतिष्ठान स्थापना गरेर प्रदेश र मकवानपुरको विकासमा योगदान दिने कामको स्वागतयोग्य भएपनि हेटौंडा अस्पतालाई प्रतिष्ठानमा गाभ्ने प्रक्रिया तत्काल बन्द नगरे सडक र प्रदेशसभामा समेत आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिइएको थियो । नेपाल तरुण दल मकवानपुरले हेटौंडा अस्पतालको अस्तित्व नमेटाउन आग्रह गर्दै आएको छ । अस्पताललाई बागमती प्रदेश सरकारअन्तर्गत् मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्ने तयारी अगाडि बढाएसँगै तरुण दलले विज्ञप्ति जारी गर्दै यस विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ३१ गते बिहीबार १३ जुन २०२४ । सप्तमी, जेष्ठ शुक्लपक्ष । तछ्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# श्रमजीवीवर्गको हित र नीतिगत व्यवहार



✍ मनोहर कार्की

विश्वका श्रमजीवीवर्गको हित र जीवनको सम्मान, कामको सुरक्षित प्रत्याभूतिका लागि लामो संघर्षको इतिहास छ । मजदुरवर्गको सर्वाङ्गिण हकहितको अभ्युत्थान तथा श्रमजीवीवर्गको श्रम मूल्यको पहिचान र राज्यबाट उचित सम्मान, संस्थागत तथा व्यावहारिक कदर को सोपानले विशेष महत्व राख्दछ । मजदुर आन्दोलन र श्रमजीवीवर्गको हितको उन्नयनका लागि विश्व इतिहासका विभिन्न कालखण्डमा ठूला आन्दोलन भएका छन् ।

मजदुर तथा श्रमजीवीवर्गको हित प्रवर्द्धन, रोजगारीको सुरक्षा र हक-अधिकारको संरक्षणका लागि लोकतान्त्रिक सरकारले प्राथमिक दायित्व महसुस गर्नुपर्‍यो । व्यवहारलाई ऊर्जाशील र नीतिगत कार्यक्रममा समेट्नुपर्‍यो । वर्तमान पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले सामाजिक सुरक्षाका कार्यक्रम, युवा स्वरोजगार तथा उद्यमशीलता विकास कार्यक्रम, वैदेशिक रोजगारीको सुरक्षा र सम्मान तथा आकर्षक वेतन, समान कामको समान ज्यालाको मापदण्डको ग्यारेन्टी भनाइका आकर्षक पुलिन्दामात्र नबाँडेर कार्यान्वयन तहमा खरोपन अपेक्षा छ ।

स्थानीय सरकारको अभ्यासको थालनीले दोस्रो कार्यकालको तेस्रो वर्ष लाग्दै गर्दा के-कति उपलब्धि भए र चुनौती थपिए, समीक्षाको विषय रहला । स्थानीय सीप, दक्षता र सामग्रीको प्रयोग गरी रैथाने व्यवसाय र उद्यमशीलतालाई अघि बढाउने नीति तथा कार्यक्रम आवश्यकता छ । कृषि, सामुदायिक वन, लघु व्यवसाय, ग्रामीण पर्यटन तथा पर्यापर्यटनलाई एकसाथ एकीकृत कार्यक्रममा लैजान सकिन्छ ।

सोच र नीति रैथाने सीप तथा उद्यमी लक्षित हुन सकेमा उल्लेख्य रोजगारीका अवसर सिर्जना गरी विदेश पलायनको चापलाई थेग्न सकिन्थ्यो कि ? हाम्रो योजना र नीति श्रमिकवर्ग र व्यवसायमुखी किसानमैत्री बनाउन सकिएमा संघीयता र स्थानीय सरकारले सार्थकता पाउनेछ । सोह्रौं पञ्चवर्षीय योजनाको निर्माण र प्राथमिकता निर्धारणका सन्दर्भमा भर्खरै सम्पन्न राष्ट्रिय विकास परिषद्को बैठकमा मिहिन विचार-विमर्श भए । विशेषत: आर्थिक विकासको लक्ष्य हासिल गर्ने र गरिबी निवारणका दिशामा ठोस योजना आवश्यक देखिए । ऊर्जा, कृषि तथा पर्यटन क्षेत्रले आगामी पञ्चवर्षीय योजनामा प्राथमिकता पाउने छनक देखिन्छ । हालै प्रकाशित मानव विकास सूचकांकमा नेपालमा अझै २०.८ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेका छन् । यस्ता प्राथमिकताप्राप्त क्षेत्रमा रोजगार सिर्जना, लगानी साझेदारी, आन्तरिक पुँजी परिचालन, युवा तथा उद्यमशीलता र श्रमलाई जोड्ने खालका कार्यक्रम निर्देशित हुनुपर्दछ । नेपालमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् बनेको प्रजातान्त्रिक सरकारले श्रम ऐन २०४८ ल्यायो र यसै ऐनमा निर्देशित रहेर श्रम नियमावली २०५० पनि कार्यान्वयनमा आयो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुसार नेपालको संविधान २०७२ जारी भएपछि उल्लिखित ऐनलाई प्रतिस्थापन गरी श्रम ऐन २०७४ ल्याइयो ।

साथै श्रम नियमावली २०७५ कार्यान्वयनमा आएको छ । सन् २०१७ को सार्वजनिक तथ्यांकअनुसार नेपालमा १६.८ मिलियन श्रमशक्ति रहेको छ, जुन विश्वको ३७औं ठूलो श्रमशक्ति हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको योगदान २८ प्रतिशत रहेको छ भने कुल श्रमशक्तिको दुई तिहाइ श्रमशक्ति कृषिक्षेत्रमा संलग्न रहेका छन् । पछिल्लो समयमा वैदेशिक रोजगारीका लागि उल्लेख्य युवा पलायन भएकाले कृषि तथा अन्य उत्पादनमूलक क्षेत्रमा यसको गम्भीर र प्रत्यक्ष असर परेको छ ।

नेपालको संविधान २०७२ को भाग ३ मा व्यवस्था भएको मौलिक हकअन्तर्गत धारा ३३ मा रोजगारीको हक तथा धारा ३४ मा श्रमसम्बन्धी हकलाई महत्वका साथ ग्रहण गरिएको छ । रोजगारीको हक र रोजगारी छनौट सम्बन्धी हकको प्रत्याभूति भएको पाइन्छ । साथै श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षा, कानुनबमोजिम ट्रेड युनियन खोल्ने, सहभागी हुने तथा सामूहिक सौदाबाजीको हकलाई मुखरित गरेको छ । यसको कार्यान्वयन पक्षलाई प्रभावकारी र श्रमिकमैत्री बनाउनु थप चुनौती छ ।

मजदुर आन्दोलन र नेपालको राजनीतिक क्षेत्रमा यस आन्दोलनको आफ्नै मौलिक पहिचान छ । सर्वप्रथम वि.सं. २००४ को विराटनगर मजदुर आन्दोलन नेपालको मजदुर आन्दोलनको इतिहासमा विशेष महत्व राख्दछ । जीपी कोइराला, मनमोहन अधिकारी, तारिणी कोइराला, युवराजलगायतका मजदुर नेता त्यस जूटमिलमा कार्यरत थिए । आन्दोलनको छैटौं दिनपश्चात् जूटमिलका महाप्रबन्धक आरके सिंहानियाले १० मार्च १९४७ मा आन्दोलन नियन्त्रण हेतु एक सार्वजनिक अपिल तात्कालिक राणा प्रधानमन्त्रीलाई सम्बोधन गरी लेखे ।

उनको अपिलमा उल्लेख भएका आन्दोलनरत ५ जना मजदुर नेतामध्ये दुई प्रमुख नेतामा जीपी (गिरिजाप्रसाद) कोइराला र मनमोहन अधिकारी थिए । मजदुर आन्दोलनका दौरानमा जीपी, मनमोहन, तारिणी, विकु, युवराज आदिलाई गिरफ्तार गरियो र काठमाडौंलगायत केहीलाई धनकुटामा बन्दी बनाइयो । तत्कालीन नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व गिरिजाप्रसाद कोइराला नेतृत्वमा विराटननगर जूटमिलका मजदुरहरूले वर्गीय हित तथा पेसागत सुरक्षाको माग राखी अघि बढाएको आन्दोलन नेपालको मजदुर आन्दोलनको पहिलो संस्थागत आन्दोलन हो ।

साँचो अर्थमा गिरिजाप्रसाद कोइराला र बामपन्थी नेता मनमोहन अधिकारीको राजनीतिक पदार्पण ऐतिहासिक विराटनगर जूटमिल आन्दोलन नै हो । यस आन्दोलनमा तारिणीप्रसाद कोइरालालगायतको योगदानसमेत थियो । वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको एक पाटाका रुपमा विराटनगर मजदुर आन्दोलन रहेकोमा दुई मत नरहला । जीपी कोइराला अनि मनमोहन अधिकारीको राजनीतिक यात्राको आरम्भ मजदुर नेताकै रुपमा जूटमिल मजदुर आन्दोलन नै थियो ।

नेपालको राजनीतिक आन्दोलन, परिवर्तन तथा लोकतन्त्रको पुनर्स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा श्रमजीवी तथा मजदुरको योगदान रह्यो । वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलन उल्लेख्य छ । २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापना, त्यस्तै २०६२-०६३ को संघीय लोकतन्त्र गणतन्त्रको स्थापनाका लागि भएको जनआन्दोलनमा श्रमजीवी मजदुरवर्गको सक्रिय सहभागिता रहेको थियो । जसको परिणामस्वरुप नेपालको राजनीतिक परिवर्तन सम्भव भयो । सामाजिक, आर्थिक रुपान्तरणका दिशामा देश अग्रगमनमा छ ।

श्रमजीवीवर्गको श्रमको मूल्य र राज्यशक्तिबाट उचित सम्मानको संस्थागत र व्यवहार सोपानले महत्व राख्दछ । राजनीतिक आन्दोलन, मुक्ति संघर्ष र परिवर्तनका संवाहकका रुपमा श्रमजीवी मजदुरवर्गको अहं भूमिका रहेको ऐतिहासिक पृष्ठभूमि छ । सन्दर्भमा अमेरिकी मजदुर आन्दोलन, पेरिस कम्युनको ऐतिहासिक आन्दोलनमा मजदुर तथा श्रमजीवीवर्गको अग्रणी भूमिका ऐतिहासिक यथार्थता हो । श्रमको अतिरिक्त मूल्यका सिद्धान्त अर्थशास्त्र र अर्थ-राजनीतिको बहस पैरवी इतिहासले खोज्यो, श्रमजीवीवर्ग र तिनका अगुवाले वकालत गरे, नीति निर्माता र राज्यसञ्चालकले परिपालनाको प्रयास निरन्तर गरे ।

अमेरिकाको इतिहासमा जब हामी मजदुर आन्दोलन र मे क्रान्तिको कुरा गर्छौं, सन् १८८६ मे १ मा अमेरिकाको सिकागो शहरमा लाखौं श्रमजीवी मजदुर पेसागत हितको प्रवर्द्धन, कामको सुरक्षाका आधारभूत मागहरु राखी सडकमा पहिलो मजदुर आन्दोलनको उद्घोष गरे । न्यूनतम आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको मागसहित सिकागोका सडकमा स्वस्फुर्तरुपमा उर्लिएको श्रमजीवीवर्गको मानव सागरमा तत्कालीन सरकारी सुरक्षाकर्मीले घोर धरपकड र दमनको ताण्डव नृत्य देखायो ।

सिकागो शहरबाट शुरु भएको मजदुर तथा श्रमजीवीवर्गको आन्दोलन शनै: शनै: अमेरिकाका विभिन्न शहरमा फैलियो । आन्दोलन निरन्तर चार वर्षसम्म अघि बढेपछि तत्कालीन अमेरिकी सरकार आन्दोलनकारी मजदुरहरुको मागलाई सम्बोधन गर्न सकारात्मक भयो । अनि आठ घण्टाको कार्यसमयलगायतका अन्य विभिन्न मागलाई सम्बोधन गर्ने कानुन निमार्णमा सहमत भयो । मजदुर अधिकारका सन्दर्भमा सन् १८८६ को हेयमार्केट दंगाको विशेष महत्व छ ।

अमेरिकी सिकागो शहरमा भड्किएको दंगामा कैयौं प्रहरी र आन्दोलनकारीको हताहती भयो । सन् १८८२ सेप्टेम्बर ५ को अमेरिकी मजदुर एक्यैबद्धता ऱ्यालीको महत्व आफैंमा छ, जुन ऱ्यालीमा १० हजार कामदार मजदुरले न्यूयोर्कको सिटीहलदेखि युनियन स्क्वायरसम्म मार्चपास गरी मजदुर दिवस मनाएको अमेरिकी इतिहास छ । सन् १८९४ को मे ११ तारिखमा पुल्म्यान प्यालेस कार कम्पनीका कामदारले सिकागोमा ज्याला कटौती र मजदुर युनियनका प्रतिनिधिलाई हटाइएको विरोधमा हडताल गरेका थिए ।

मजदुर दिवसलाई कानुनी मान्यता दिने विधेयकमा तत्कालीन अमेरिकी राष्ट्रपति ग्रोभर क्लेभल्यान्डले सन् १८९४ जुन २८ मा हस्ताक्षर गरेपछि वैधानिक मान्यता पाउन सक्यो । अमेरिकी श्रमिक फेडरेसनका सहसंस्थापक पिटर जे म्याकगुयरलाई मजदुर दिवसको औपचारिक शुरुवातका पैरवी गर्ने प्रथम अभियन्ताका रुपमा लिइन्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २३ र २४ मा स्पष्टरुपमा मानवअधिकार र श्रमजीवीवर्गको हक-अधिकारको प्रत्याभूत गरिएको छ । धारा २३(१) मा प्रत्येक व्यक्तिलाई कार्य गर्ने, रोजगारीको स्वतन्त्र छनौट, आफू सुहाउँदो कार्य अवस्थाको तथा बेरोजगारीविरुद्ध सुरक्षाको अधिकार छ ।

धारा २३(२)मा प्रत्येक व्यक्तिको विनाभेदभाव समान कार्यका लागि समान ज्याला तलब पाउने अधिकार छ भन्ने उल्लेख छ । धारा २३(३) मा प्रत्येक व्यक्तिको आफू तथा आफ्ना परिवारको लागि मानव सम्मानयुक्त जीवन सुनिश्चित गर्न उचित एवं सुहाउँदो पारिश्रमिक पाउने अधिकार छ तथा यसलाई आवश्यक भएमा अन्य सामाजिक सुरक्षा उपायद्वारा थप्न सकिनेछ भनिएको छ । साथै धारा २३(४) मा प्रत्येक व्यक्तिलाई निजको हितको रक्षार्थ ट्रेड युनियन स्थापना गर्न र त्यसमा स्वतन्त्ररुपमा सहभागी हुने अधिकार र धारा २४(४) मा प्रत्येक व्यक्तिलाई कार्यघण्टाको कारणयोग्य सीमांकन तथा आवधिक वैधानिक बिदासहितको विश्राम र फुर्सदको अधिकार छ भन्ने प्रावधान छ । विश्वव्यापी घोषणापत्रको एक पक्षकार राष्ट्रका रुपमा नेपाल रहेकाले विश्वव्यापी घोषणपत्रका मूल्य र सारलाई कार्यान्वयन गर्नु कानुनी र नैतिक दायित्व रहन्छ ।

हजारौं ऊर्जाशील युवा सामान्य रोजगारीका लागि खाडीमुलुक, दक्षिण-पूर्वी एसियाका मलेसियालगायतका मुलुकमा भौंतारिनुपर्ने क्रममा सुधार हुनु छ । सरकार लाग्नुपर्‍यो, निजी क्षेत्रले उत्साह देखाउन सक्नुपर्‍यो । समाधान हामीले खोज्ने हो । सरकार स्पष्ट नीतिगत कार्यक्रम र रोजगार नीतिलाई कार्यान्वयनमा ल्याउन लागोस् । श्रम कानुन श्रमिकवर्गको हितको पोषणतर्फ परिलक्षित हुनुपर्दछ । श्रमलाई रोजगार र उद्यमशीलता तथा सीपमा जोड्न संघीय र स्थानीय सरकार जुर्मुराउनुपर्‍यो । औद्योगिक तथा व्यावसायिक क्षेत्र, ट्रेड युनियनका छाता संगठनले समन्वयात्मक सहकार्य, अनुकूल कार्य-वातावरण निर्माण र थप रोजगारीका अवसर दिनुपर्‍यो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# लोकतान्त्रिक आदर्शमाथि लोकप्रियतावादले पुऱ्याउने क्षति

✍ रमेशकुमार राज

**विश्वमा उदारवाद लोकतन्त्रलाई अधिनायकवादले भन्दा लोकप्रियतावादी चुनौतीले लखेटिरहेको छ । लोकप्रियतावादीले दोहोरो विश्व दृष्टिकोण चित्रण गरेर आफ्ना समर्थकलाई परिचालन गर्न रणनीतिक रूपमा आम नैराश्यलाई उपयोग गर्ने गरेका छन् ।**

नेपालको राजनीतिक परिदृश्य लामो समयदेखि शक्ति सैर्षह सामाजिक र आर्थिक विभाजनह वैचारिक भिन्नता आदिको जटिल अन्तर्क्रियाद्वारा गुज्रँदै आएको छ । हालैका वर्षमा भने एउटा चिन्ताजनक प्रवृत्ति देखापरेको छ – लोकप्रियतावाद (पपुलिजम्)को उदय । यो यस्तो एक राजनीतिक दृष्टिकोण हो, जसले प्राय: लोकतान्त्रिक मूल्य-मान्यता र संस्थालाई बेवास्ता गर्दै 'आम जनता'को चिन्ता र चासोलाई सम्बोधन गर्ने वाचा गर्छ ।

विश्वमा उदारवाद लोकतन्त्रलाई अधिनायकवादले भन्दा लोकप्रियतावादी चुनौतीले लखेटिरहेको छ । लोकप्रियतावादीले दोहोरो विश्व दृष्टिकोण चित्रण गरेर आफ्ना समर्थकलाई परिचालन गर्न रणनीतिक रूपमा आम नैराश्यलाई उपयोग गर्ने गरेका छन् । 'भ्रष्ट' राजनीतिक अभिजात वर्गहरूविरुद्ध 'सद्गुणी' जनतालाई खडा गर्ने कथाहरू सिर्जना गर्छन् । यसबाहेक लोकप्रियतावादी पार्टीहरूले 'जनताको इच्छा'लाई भाषणबाजीमा जोड दिएर स्वस्थ लोकतन्त्रको विशेषता 'चेक एन्ड ब्यालेन्स'लाई बेवास्ता गर्छन् ।

लोकप्रियतावादी नेताहरू प्राय: आफूलाई जनताको एक मात्र वैध प्रतिनिधिको रूपमा प्रस्तुत गर्छन् र सरकारलाई जवाफदेही बनाउन 'डिजाइन' गरिएको न्यायपालिका, मिडिया र नागरिक समाज सङ्गठनजस्ता लोकतान्त्रिक संस्थाहरूको भूमिकालाई खारेज वा निन्दा गर्छन् । अहिले लोकप्रियतावाद विश्वव्यापी रूपमा लोकतन्त्रलाई क्षयीकरण गर्ने महामारीजस्तो प्रकट भएको छ ।

नेपालमा लोकप्रियतावादको उदय एउटा पृथक् घटना होइनह बरु व्यापक विश्वव्यापी प्रवृत्तिको प्रतिविम्ब हो । लोकप्रियतावादी लहरले नेपाली समाजभित्र उल्लेखनीय आकर्षण प्राप्त गरेको छ, जसले लोकतन्त्रका लागि गम्भीर खतरा उत्सर्जन गरिरहेको छ । परम्परागत राजनीतिक शक्तिले आफ्ना चासोलाई सम्बोधन गर्न नसकेकामा नेपाली जनताको गहिरो असन्तुष्टि छ । दशकौँदेखिको राजनीतिक अस्थिरता, व्यापक भ्रष्टाचार, सम्भ्रान्त वर्ग र जनताबिचको ठूलो खाडलले निराशा व्याप्त छ । विकल्पका बाटा पहिल्याउने मनोवृत्ति बढ्दै गएको छ । यिनै सकस र उकुसमुकुसलाई पुँजीकृत गर्न लोकप्रियतावादीको उदय भइरहेको छ ।

**लोकप्रियतावादको उदय**

नेपाली राजनीतिमा केपी शर्मा ओली पनि लोकप्रियतावाद प्रवृत्तिका एक उदाहरण हुन् । ओलीले व्यक्त गर्ने कट्टर राष्ट्रवादी भावना, 'विदेशी प्रभाव'को दानवीकरण र 'नेपाललाई पहिलो स्थानमा राख्ने वाचा' नै लोकप्रियतावादका उदाहरण हुन् । ओली सन् २०१८ देखि २०२१ सम्म प्रधानमन्त्री रहँदा लोकतान्त्रिक मान्यतामा ह्रास आएको थियो । लोकतान्त्रिक संस्थाहरूमाथि प्रहार भएको थियो । उनले राष्ट्रपति पदलाई आफू अनुकूल प्रयोग गर्दै, न्यायपालिकालाई कमजोर पारेर शक्ति आर्जन गर्न खोजे । सन् २०२० मा संसद् विघटनको कदमले उनको अधिनायकवादी प्रवृत्तिलाई थप उजागर गऱ्यो ।

लोकतन्त्रको पहरेदार नागरिक समाज र मिडियाप्रतिको उनको दृष्टिकोण नकारात्मक देखिन्छ । उनीमा सदन र न्यायपालिकाप्रति अनुदार सोच हाबी छ । लोकप्रियतावादी नेताहरूले आफ्ना दलहरूलाई एकतन्त्रीय र केन्द्रीकृत बनाउँछन् । ओली यस मामला पनि पोख्त छन् । उनले नेतृत्व गरेको दलमा आन्तरिक लोकतन्त्र क्षीण हुँदै गइरहेको छ ।

दलको नीति-निर्माण र निर्णय प्रक्रियामा ओलीको एकलौटी छ । उनले आफ्नो एजेन्डाप्रति असहमति राख्नेलाई पाखा लगाएर निर्विकल्प नेतृत्वको आभास पार्टी पङ्क्तिलाई दिने गरेका छन् । उनको तर्क र विचारलाई पार्टीभित्र नि:शब्द आत्मसात् गर्नुपर्ने पद्धति विकसित हुँदै गएको छ । उनी लोकतान्त्रिक मूल्य-मान्यताप्रति अनुदार रहेको उनको यिनै आचरणबाट स्पष्ट हुन्छ । लोकतन्त्र बलियो होस् वा नहोस्, उनी आफू शक्तिशाली बन्न लोकरिझाइँ गर्ने लोकप्रियतावादी नेता हुन् । नेपालमा लोकप्रियतावादको अर्को उदय टेलिभिजन प्रस्तोताबाट राजनीतिज्ञ बनेका रवि लामिछानेको नेतृत्वमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट भएको हो ।

हाल गृहमन्त्री रहेका रविले आफूलाई यस्तो 'सामान्य मानिस'को रूपमा प्रस्तुत गरेका छन्, जसले जनताको सैर्ष र आकांक्षाहरू बुझ्छ । उनको पार्टीले विस्तृत नीतिगत प्रस्तावनाबिना भ्रष्टाचारविरुद्ध लड्ने, अर्थतन्त्रलाई सुधार गर्ने र जनतालाई 'न्याय'दिनेजस्ता अव्यवहारिक परिवर्तनहरूको वाचा गर्ने लोकप्रियतावादी संरचनालाई अँगालेको छ ।

लोकतान्त्रिक मूल्य-मान्यता बमोजिम विधिको शासनलाई प्रत्याभूति गराउन न उनी आफूमाथि लागिएको सहकारी रकम अपचलनसम्बन्धी आरोपको छानबिन गर्न तयार छन्, न त आफूविरुद्ध कतै बोलेको सुन्न न कतै लेखेको पढ्न तयार छन् । स्वार्थ बाझिने मन्त्रालयमा सत्तासीन भई उनले आफूविरुद्ध उठेका आवाज र मिडियालाई तर्साउने गरेका छन् । उनीविरुद्ध न पार्टीभित्र कुनै चर्चा छ, न गठबन्धन सम्मिलित दलभित्र सत्य-तथ्य उजागर गर्ने पहल ।

कानुनी राज्यको उपहास गर्दै राज्य शक्तिको दुरुपयोग गरेर बसेका उनलाई रुचाउनेको ठुलै भिड देखिन्छ, जसलाई न विधि न पद्धतिसँग सरोकार छ । कुनै बेलाका नवउदारवादका अनुयायी, अर्थशास्त्री र प्रभावशाली राजनीतिक टिप्पणीकार रहेका स्वर्णिम वाग्लेको पनि लामिछानेको लोकप्रियतावाद एजेन्डासँग गहिरो आत्मीयता बढेको छ । रास्वपाका केही विवादास्पद मतहरूलाई वाग्लेले गरेको समर्थन र उनका प्राय: कथनहरूले लोकप्रियतावादलाई विश्वसनीयता प्रदान गरिरहेको देखिन्छ ।

लामिछाने र उनको पार्टीद्वारा प्रदर्शित लोकप्रियतावाद देशको लोकतान्त्रिक संस्थानहरू र मूल्यका लागि ठुलो खतरा बन्न पुगेको छ । जनताको निराशाको दोहन गर्दै र सरल समाधानहरूको प्रस्ताव गरेर लोकप्रियतावादले विधिको शासन, अभिव्यक्ति स्वतन्त्रता र नेपालको लोकतन्त्रको नीतिगत आधारलाई खतरामा पार्दै लैजाने देखिन्छ । लोकप्रियतावादले हाम्रो लोकतन्त्रलाई प्रभाव पारिरहेको देखिन्छ । अहिले न्यायिक मुद्दाहरूमा सामाजिक सञ्जाल र भिडको ठुलो हस्तक्षेप छ । केही व्यक्ति राज्य संयन्त्र र संस्थामाथि खुलमखुला प्रहार गर्दै हिँडेका छन् । समाज अहिले सामूहिक दोषारोपण, गालीगलौज, कुनै व्यक्तिको दानवीकरण र देवत्वकरण, विधि-पद्धतिलाई बेवास्ता गर्दै राजनीतिक र सामाजिक मुद्दामा ध्रुवीकृत भएको छ । देश लोकतान्त्रिक सुदृढीकरणका चुनौतीसँग जुधिरहेका बेला लोकप्रियतावादको उदयले नेपालको लोकतान्त्रिक राजनीतिक प्रणालीमा जटिलता र कमजोरी रहेको उजागर गरेको छ ।

**अगाडि बढ्ने मार्ग**

अर्कोतिर लोकप्रियतावादी विचारधारालाई अँगाल्दै युवाको ठुलो पङ्क्ति लोकतान्त्रिक प्रक्रियाबाट टाढा गइरहेका छन् । जीवन्त लोकतान्त्रिक समाजको आधार मानिने युवाहरू अहिले लोकतान्त्रिक प्रणालीको जगलाई खलबलाउने प्रलोभन र निराधार वाचा दिने लोकप्रियतावादको वक्तव्यबाजीप्रति बढी आकर्षित छन् । लोकप्रियतावादको उदय र नेपाली युवाहरूमाझ लोकतान्त्रिक गहिराइको ह्रासलाई प्रतिरोध गर्न बहुआयामिक दृष्टिकोण आवश्यक छ । लोकप्रियतावादको उदयलाई उत्प्रेरित गर्ने अन्तर्निहित सामाजिक-आर्थिक मुद्दाहरूलाई सम्बोधन गर्न सरकार र नागरिक समाजले मिलेर काम गर्नुपर्छ ।

जनताको असन्तुष्टिका मूल कारणलाई सम्बोधन गरेर लोकप्रियतावादीको अपिललाई कम गर्न सकिन्छ । यस्तै, युवाहरूलाई आफ्नो देशको दीर्घकालीन, दिगो विकासमा लगानी गर्न प्रोत्साहित गर्न सकिन्छ । लोकतान्त्रिक बहस र छलफलको संस्कृतिलाई बढावा दिन महत्त्वपूर्ण छ, जहाँ विविध दृष्टिकोणलाई सम्मान गरिन्छ र विचारहरूको आदान-प्रदानलाई प्रोत्साहित गरिन्छ ।

*(साभार: रातोपाटी)*

# नेपालसामू ठूला टोलीलाई स्तब्ध पार्ने अवसर

फ्लोरिडा/अमेरिका र वेष्टइण्डिजमा जारी आईसीसी टी-२० विश्वकप २०२४ मा यसअघि साना भनिएका टोलीहरुको प्रदर्शन उत्कृष्ट छ । पपुवा न्युगिनीले दिएको १३७ रनको लक्ष्य पूरा गर्न वेष्टइण्डिजले १९ ओभर खेल्दै ५ विकेट गुमाउनुपरेको थियो ।

अमेरिकाले पाकिस्तानलाई सुपर ओभरमा हराउँदै इतिहासकै एक ठूलो उथलपुथल गर्‍यो । १६० रनको लक्ष्य पछ्याएको अमेरिकाले विश्वको उत्कृष्ट तीव्र गतिको बलिङ आक्रामण भएको पाकिस्तानविरुद्ध ३ विकेट गुमाउँदै बराबर गरेको थियो । उता क्यानडाले आयरल्यान्डलाई १२ रनले स्तब्ध पार्‍यो । अफगानिस्तानले न्युजिल्याण्डलाई ७५ रनमा अलआउट गर्दै ८४ रनको जित निकालेको थियो ।

नेदरल्यान्ड्सविरुद्ध १०४ रनको लक्ष्य दक्षिण अफ्रिकाले १८.५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गरेको थियो । दक्षिण अफ्रिकाले १२-३ को अवस्थामा जित हात पारेको थियो ।

नेपाल आईसीसी टी-२० विश्वकप २०२४ को पहिलो खेलमा नेदरल्यान्ड्ससँग ६ विकेटले पराजित हुन पुग्यो । समूह डी मा नेपालले अब दक्षिण अफ्रिका, श्रीलंका र बंगलादेशसँग खेल्न बाँकी छ । बुधबार बिहान नेपालले श्रीलंकासँग खेल्दैछ । शनिबार दक्षिण अफ्रिका र सोमबार बंगलादेशसँग खेल्नेछ ।

विश्वकपअघि नेपालको लक्ष्य सुपर-८ थियो । सुपर- ८ मा पुगोस् वा नपुगोस् तर नेपाल कम्तीमा एक टेष्ट टोलीलाई हराउन चाहन्छ । कप्तान रोहित पौडेल श्रीलंका र दक्षिण अफ्रिकाको प्रदर्शन हेर्दा आफूहरु खेल जित्नेमा आशावादी रहेको बताउँछन् ।




'श्रीलंकाले यो प्रतियोगिता सोचे जस्तो खेलेको छैन । ब्याटिङ राम्रो चलेको छैन । हामीले त्यो दबाबको फाइदा उठाउँदै राम्रो बलिङ गर्दै लक्ष्य पछ्याउन पाए पहिलो पटक टेष्ट टोलीलाई हराउन सक्छौं', खेलअघि रोहितले भने ।

दक्षिण अफ्रिकासँग श्रीलंकाले पहिला ब्याटिङ गर्दै ७७ रनमा अल आउट भएको थियो । बंगलादेशसँग ९ विकेट गुमाउँदै १२४ रन जोडेको थियो । श्रीलंका ओपनर कुशल मेन्डिस र पाथुम निसांकाको प्रदर्शनमा बढी निर्भर हुन्छ ।

नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग १०६ रनमा अल आउट भएको थियो । नेपालले राम्रो प्रदर्शन गर्न ओपनर कुशल भुर्तेल र आसिफ शेख चल्नुपर्ने हुन्छ ।

नेपालले हारेमा कुनै आश्चर्य हुने छैन । तर श्रीलंकाले हारेमा सुपर-८ बाट मात्रै बाहिरिने छैन । उसको इज्जतमा पनि ठूलो धक्का लाग्नेछ । रोहित नेपाललाई भन्दा बढी दबाब श्रीलंकालाई हुने बताउँछन् ।

नेदरल्यान्ड्सविरुद्ध नेपाली ब्याटरले खुलेर खेल्न सकेनन् । खेलेको ११६ बल मध्य ६५ डट बल मात्रै थियो । डट बल कम नगरी नेपालले ठूलो स्कोर बनाउन सक्दैन । अमेरिकाको पिचको अवस्था नबुझेका कारण डट बल बढी भएको कप्तान रोहित बताउँछन् ।

'अमेरिकाको कन्डिसनमा धेरै डट बल बनेको छ । पाकिस्तानविरुद्ध भारतले पनि ११९ रन मात्रै बनाउन सकेको थियो । जसले १४० रनमाथि बनाउन सक्छ त्यो विजयी इनिङ हुनसक्छ । सुरुवात पाएको ब्याटरले सदुपयोग गर्न एकदमै आवश्यक छ । पहिलो खेल सोचे जस्तो भएन । तर टिममा हामी अर्को खेल जित्छौं भनेर विश्वास गरेका छौं', उनले भने ।

नेपाल तीन ओपनर अनिल साह, कुशल भुर्तेल र आसिफ शेखका साथ मैदान उत्रँदै आएको छ । अनिल साहलाई खेलाउन मध्यक्रमका ब्याटर सन्दीप जोरालाई बेञ्चमा राखेको छ । तर अनिलले तेस्रो नम्बरमा खेल्दै आएका छन् । कुशल र आसिफ पछिल्लो ६ महिनादेखि लयमा छैनन् ।

लगातार खराब प्रदर्शन गर्दै आएका छन् । तर पनि टोलीले लगातार विश्वास देखाउँदै आएको छ । पहिलो खेलमा कुशल ७, आसिफ ४ र अनिल ११ रनमा आउट भएका थिए । सुरुवातमै विकेट जादा मध्यक्रम र तल्लोक्रमका ब्याटर खुलेर खेल्न सकेका छैनन् ।

टेष्ट टोलीलाई हराउने सोच राखेको नेपाललाई खराब लयमा भएका ओपनर खेलाउनु ठूलो जोखिमपूर्ण छ । 'मलाई लाग्छ विश्वास गर्न एकदमै जरुरी छ । एउटा टिममा एक अर्कामाथि विश्वास गरेनौं भने नतिजा आउँदैन । यो समयमा धैर्यता हुन एकदमै जरुरी छ । सोचे जस्तो नतिजा नआएपनि परिवर्तन गर्न जरुरी छ जस्तो मलाई लाग्दैन', रोहितले ओपनरबारे भने ।

२०२२ को टी-२० विश्वकपमा दक्षिण अफ्रिका नेदरल्यान्ड्ससँग स्तब्ध भएको थियो । यस विश्वकपमा १०४ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका १२-४ को अवस्थाबाट १८.५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गरेको थियो । बंगलादेशलाई विश्वकपअघि तीन खेलको टी-२० सिरिजमा अमेरिकाले २-१ ले हराएको थियो ।

२०२१ को टी-२० विश्वकपमा स्कटल्यान्डले बंगलादेशलाई हराएको थियो । २०२२ को टी-२० विश्वकपमा श्रीलंकालाई ५५ रनले हराएको थियो ।

२००९ मा नेदरल्यान्ड्सले इंग्ल्यान्डलाई ४ विकेटले हराएको थियो । २०१४ मा हङकङले बंगलादेशलाई २ विकेटले हराएको थियो । २०१४ मा नेदरल्यान्ड्सले इंग्ल्यान्डलाई ४५ रनले हराएको थियो ।

२०२१ मा आयरल्यान्ड नामिबियासँग ८ विकेटले पराजित भएको थियो । युगान्डाले जिम्बावेलाई हराउँदै पहिलो पटक विश्वकपमा खेलेको छ । यी केही उदारण मात्रै हुन् ।

स्कटल्यान्ड, नामिबिया र नेदरल्यान्ड्स नेपालसँगैका एसोसिएट टोली हुन् । तर नेपालसँग टेष्ट टोलीलाई हराएको अनुभव छैन । नेपालले अहिलेसम्म एसोसिएटले टेष्ट टोलीलाई हराएको मात्रै देखेको छ । अहिले नेपाललाई त्यो अवसर आएको छ ।

एकै ओभरमा ६ छक्का हान्नेदेखि ९ बलमा अर्धशतक प्रहार गर्ने दीपेन्द्रसिंह ऐरीले विश्वकपमा राम्रो प्रदर्शन गर्न सक्नुपर्छ । त्यस्तै कुशल मल्ल र गुलशन झा आफ्नो क्षमता अनुसार आक्रामक अलराउन्ड प्रदर्शन गर्दै विश्वको ध्यान तान्नुपर्छ ।

कुशल भुर्तेल र आसिफ शेखले टोलीको विश्वासलाई न्याय गर्नुपर्छ । करण, सोमपाल र अभिनाशले बलिङ युनिटमा उच्च प्रदर्शन गर्नुपर्छ । एउटा खेलाडीको उत्कृष्ट प्रदर्शनमा पनि नतिजा धेरै फरक पार्छ ।

खेलाडीलाई आफ्नो क्षमता विश्वलाई देखाउने यो भन्दा राम्रो अवसर आउने छैन ।

*(स्रोतः अनलाइनखबर)*

# 'लण्डन टू पेरिस'को 'सस्पेन्स' खुलाउने 'हतारले' गीत

काठमाडौं/अक्सर फिल्मको सम्पूर्ण गीत प्रदर्शनभन्दा अगाडि नै सार्वजनिक गरिन्छ । त्यसले फिल्मको हाइप निर्माणमा भूमिका खेल्ने विश्वास मेकरमा हुन्छ । तर, कथा खुल्ने गीत छ भने फिल्म प्रदर्शन भएपछि मात्र सार्वजनिक गर्ने परिपाटी छ । फिल्म 'लण्डन टू पेरिस'को 'हतारले' गीत पनि प्रदर्शनको चार दिनपछि सार्वजनिक गरिएको छ । किनकि, यो गीतले फिल्मको महत्त्वपूर्ण 'सस्पेन्स' खुलाउँछ ।

गीतमा नव-अभिनेता निश्चल खड्का र अभिनेत्री रुष्मा थापाबीच प्रेम अंकुराएको देखिन्छ । जबकि, ट्रेलरमा निश्चलको प्रेम अभिनेत्री साम्राज्ञी आरएल शाहसँग देखाइएको थियो । यसले गर्दा नै फिल्मको 'सस्पेन्स' खुल्ने डरले



निर्माण टिमले यो गीत लुकाएको थियो । सलिन मगरको शब्द, संगीत र स्वर रहेको गीतमा अभिनेता कबीर खड्का र अभिनेत्री गरिमा शर्माबीचको प्रेम पनि देख्न सकिन्छ ।

घनश्याम लामिछानेको निर्देशन तथा प्रदीप भारद्वाजको लेखन रहेको फिल्मले बक्स अफिसमा भने कमजोर प्रदर्शन गरिरहेको छ । यद्यपि, यो फिल्मबाट डेब्यु गरेका निश्चलले वाहवाही बटुलेका छन् । उनले अभिनयमा राम्रो सम्भावना देखाएका छन् । विशेषगरी उनको 'डाइलग डेलिभरी' र 'भ्वाइस' प्रशंसनीय छ । यसको निर्माता अमित बस्नेत, आरोन बस्नेत, एरियाना बस्नेत र परी राना हुन् ।

# 'मुन्ज्या' चम्किँदा 'मिस्टर एन्ड मिसेज माही' खस्कियो

काठमाडौं/पछिल्लो समय बलिउडमा एकपछि अर्को गर्दै स्टारका फिल्म पिटिरहेका छन् । 'टाइगर ३', 'फाइटर', 'बढे मियाँ छोटो मियाँ' जस्ता ठूला 'स्टार'का फिल्म अपेक्षाकृत चलेनन् । बरु बिना स्टार र कम बजेटका फिल्मले बक्स अफिसमा अप्रत्यासिक कमाई गरिरहेका छन् । 'टुवेल्थ फेल', 'आर्टिकल ३७०' जस्ता फिल्म सफल हुनुले बलिउडमा अब स्टारभन्दा पनि कन्टेन्ट बिक्छ भन्ने प्रमाणित गर्छ ।

यसैबीच, प्रचारसहित ३० करोडमा बनेको 'मुन्ज्या' नामक फिल्मको व्यापारले यतिबेला बलिउडलाई नै 'सरप्राइज' बनाएको छ । ४ करोड २१ लाखको सुखद् ओपनिङ गरेको फिल्मले सोमबार सम्म २४ करोड १५ लाख कमाईसकेको छ । साउथ अभिनेता सत्यराजबाहेक फिल्ममा नाम कहलिएका कोही कलाकार छैन । तर, यो फिल्मले बक्स अफिसमा सानदार प्रदर्शन गरिरहेको छ ।




'मुन्ज्या'ले समीक्षा पनि राम्रो पाएको छ । टाइम्स अफ इन्डियाले ५ मा ३ रेटिङ दिँदा फिल्ममेयर र कोइमोइले समान साढे ३ रेटिङ दिएका छन् । फिल्मले दर्शकलाई डर र हाँसो दुवै दिने समीक्षाहरुमा उल्लेख छ । दर्शकले पनि फिल्मलाई रुचाइदिँदा कामकाजी दिनमा समेत व्यापार बलियो देखिएको छ । फिल्मले पहिलो हप्ता ४० करोडको आँकडा नघाउने प्रक्षेपण ट्रेड एनालिस्टहरुको छ ।

बिना स्टारको 'मुन्ज्या'ले व्यापारमा बलियो पकड बनाउँदा अघिल्लो हप्ता (मे ३१) आएको अभिनेता राजकुमार राव र जाह्नवी कपूर अभिनीत फिल्म 'मिस्टर एन्ड मिसेज माही' भने हलमा दम तोड्ने अवस्थामा पुगेको छ । सोमबार फिल्मले एक करोड पनि कमाई गरेन । ४० करोडमा बनेको फिल्मले ११ दिनमा ३० करोड मात्र जोडेको छ । यसरी हेर्दा फिल्म फ्लप हुने लगभग निश्चित देखिन्छ ।

# साढे ८ अर्बमा बन्यो पाँचतारे 'हिल्टन काठमाडौं', २८ असारदेखि खुल्ने

काठमाडौं/चर्चित अन्तर्राष्ट्रिय चेन हिल्टन होटल एन्ड रिसोर्ट्स व्यवस्थापनमा सञ्चालन हुने पाँचतारे होटल 'हिल्टन काठमाडौं' को निर्माण पूरा छ । हिल्टन आगामी २८ असारदेखि पूर्णरूपमा सञ्चालनमा आउने लगानीकर्ता शंकर ग्रुपका प्रबन्ध निर्देशक शाहिल अग्रवालले बताए ।

निर्माण थाल्दा 'डबल ट्री बाइ हिल्टन' बनाउने सम्झौता थियो । तर, अब स्तरोन्नति फ्ल्यागसिप ब्रान्ड 'हिल्टन' कै नाममा सञ्चालनमा आउने अग्रवालले जानकारी दिए । हिल्टन काठमाडौंको स्केच, जुन निर्माण अगाडि नै वर्ल्ड आर्किटेक्चर कम्युनिटीबाट पुरस्कृत भएको थियो ।


'यसअघि कोठा संख्या पनि १ सय २८ मात्रै बनाउने योजना थियो, क्षेत्रफल पनि कम थियो । त्यसो हुँदा डबल ट्री बनाउने भन्ने सम्झौता भएको थियो,' अग्रवालले संचारकर्मीसँग भने, 'तर, हामीले कोठा संख्या तथा सुविधा थपेर फुलफ्लेज्ड हिल्टन ब्रान्डको होटल सञ्चालन गर्दैछौं ।'

हिल्टन संसारको सबैभन्दा ठूलो होटल चेनमध्ये पर्छ । उसले विभिन्न ब्रान्डमा लक्जरीदेखि बजेट होटलसम्म सञ्चालन गर्दै आएको छ । संसारभर ६ हजार २ सयभन्दा बढी होटल तथा रिसोर्ट रहेको यो ग्रुपको 'हिल्टन' सबैभन्दा चर्चित प्रिमियम ब्रान्ड हो ।

हिल्टन काठमाडौंको बुकिङ खुलिसकेको र आगामी १२ जुलाईदेखि व्यावसायिक रूपमा पाहुनालाई स्वागत गर्न थालिने अग्रवालले बताए । 'सुरुमा परीक्षणका रूपमा सेवा (सिमुलेसन) थालिने छ । देशविदेशका गन्यमान्य मानिसलाई होटलमा सत्कार गरी सेवाको गुणस्तरबारे सुझाव लिने र त्यसका आधारमा थप परिमार्जन गरिने छ,' उनले भने, 'त्यसपछि मात्रै व्यावसायिक रूपमा पाहुना राख्न सुरु गर्छौं ।'

**लागत १ अर्ब थपियो**

यो होटल निर्माण गर्न सन् २०१४ मै सम्झौता भएर नक्सा



तयार भएको थियो । तर, २०१६ बाट निर्माण थालिएको थियो । सुरुमा ७ अर्ब २७ करोड रुपैयाँ लगानी योजना बनाइ पनि कोभिड-१९ का कारण निर्माण प्रभावित हुँदा समय र लागत दुवै बढेको अग्रवाल बताउँछन् । परियोजना लागत १ अर्ब १० करोड रुपैयाँले बढेर ८ अर्ब ३५ करोड पुगेको उनले बताए ।

'हामीले निर्माण गरिरहँदा कोभिड- १९ को विश्वव्यापी महामारी आयो, त्यसले पर्यटन उद्योगकै भविष्य के हुने हो भन्ने चिन्ता थियो,' उनले भने, 'हामीले होटल नै बनाउने कि नबनाउने भनेर पनि केही समय छलफल गर्‍यौं । त्यसले निर्माणमा ढिलाइ हुन गयो ।'

निर्माण क्रममा सडक भासिएको तथा डिजाइन परिवर्तन गर्नुपरेकाले पनि थप समय लागेको उनको भनाइ छ । 'यी सबै कारण होटल निर्माण अवधि तीन वर्ष थपियो,' उनले भने ।

**के छन् सुविधा ?**

१० रोपनी क्षेत्रफलमा फैलिएको हिल्टन काठमाडौंमा १ सय ७२ कोठा छ । यो होटलको कुल 'बिल्डअप एरिया' करिब २० हजार वर्गमिटर छ । नक्साल भगवती मन्दिर नजिकै रहेको होटल बेसमेन्ट दुई तलासहित कुल १७ तला छ ।

होटलमा हाल चार रेस्टुरेन्ट रहने र २ सय जना अट्ने सभाहल पनि तयार भइसकेको उनले बताए । '४ सय जना अट्ने नयाँ ब्यांक्वेट हलसहित पूर्वाधार पनि दोस्रो चरणमा निर्माण हुनेछ,' अग्रवालले भने । अहिले होटलमा क्यासिनो बनेको छैन । दोस्रो चरणमा सुविधा सम्पन्न क्यासिनो समेत निर्माण गर्ने लक्ष्य शंकर ग्रुपको छ । होटलमा रुफटप स्विमिङ पुल रहने छ ।

हाल होटलमा १ सय ६० गाडी अट्ने पार्किङ स्पेस छ । होटलमा एउटा 'प्रेसिडेन्सियल सुइट', दुइटा लक्जरी सुइट र अन्य १० सुइट रुम छ । बुकिङ डटकममा होटलको एक रातको दर २८ हजार रुपैयाँदेखि माथि देखाइएको छ । सुइटको दर भने ५ सयदेखि २ हजार अमेरिकी डलरसम्म रहेको अग्रवालले बताए ।

**ऋण तिर्न आठदेखि नौ वर्ष**

कुल लगानीको ७० प्रतिशत ऋण लिएको कम्पनीले त्यसको ऋण तिर्न आठदेखि नौ वर्ष लाग्ने जनाएको छ । 'जग्गा र ब्याज बाहेक ऋण तिर्ने अवधि (पेब्याक पिरियड) आठदेखि नौ वर्षको हुने अनुमान गरेका छौं,' अग्रवालले भने, 'तर, नेपालमा पर्यटक आगमन कस्तो हुन्छ, होटलको अकुपेन्सी कस्तो हुन्छ, त्यसले पेब्याक पिरियड निर्धारण हुन्छ ।'

पछिल्लो समय होटल क्षेत्रमा प्रतिस्पर्धा बढेको र होटलको दर पनि कम भएको उनको अनुभव छ । 'नेपालमा अहिले अन्य ठूला चेन होटेल मेरिअट, ह्यात, आईएचजी लगायत काम गरिरहेका छन्, अन्य चेन पनि आउँदै छन् । त्यसो हुँदा यस क्षेत्रमा प्रतिस्पर्धा बढेको छ,' उनले भने, 'हामीले उत्कृष्ट ब्रान्डलाई होटल व्यवस्थापनको जिम्मा दिएका छौं, सेवा पनि उत्कृष्ट दिएर प्रतिस्पर्धामा अघि रहनेछौं ।'

नेपालको सम्भाव्यता अनुसार पर्यटक आगमन अझै नभएको र आगामी वर्षहरूमा यो संख्या अझै बढ्ने उनको अपेक्षा छ 'नेपालमा चिनियाँ पर्यटक धेरै आएकै छैनन् । यो वर्ष अपेक्षित पर्यटक आए पनि १५ लाखभन्दा बढी आउँछन्, त्यसो हुँदा होटल व्यवसायले राम्रो गर्ने अपेक्षा हाम्रो छ,' उनले भने ।

*(स्रोतः अनलाइनखबर)*

# अब लाइसेन्सको काम राष्ट्रिय परिचय पत्रले गर्ने, त्यो पनि पाउन मुस्किल

काठमाडौं/यातायात व्यवस्था विभागले ट्रायल पास गरेका २० लाखभन्दा बढीलाई सवारी चालक अनुमति पत्र (लाइसेन्स) दिन सकेको छैन । अहिले एउटा मास प्रिन्टरबाट दैनिक करिब २५ सयदेखि ३ हजार लाइसेन्स छपाइ भइरहेको छ । यही गतिमा काम गर्ने हो भने नयाँ, नवीकरण वा अपग्रेड गरेको लाइसेन्स आउन वर्षौं लाग्छ ।

विभागले २०७२ देखि स्मार्ट लाइसेन्स वितरण गर्न सुरु गरेको थियो । तर विभागले समयमा स्मार्ट लाइसेन्स दिन सकेको छैन । त्यसैले धेरैको हातमा राजस्व तिरेको कागज छ, लाइसेन्स छैन ।

ट्रायल पास गरेको वर्षौंसम्म लाइसेन्स प्रिन्ट गरेर दिनसमेत नसक्ने भएपछि विभागले राष्ट्रिय परिचय पत्रमा एकीकृत गर्ने प्रयास थालेको छ । यो प्रयोग सफल भएमा चालकहरूले लाइसेन्स बोकिराख्नुपर्ने छैन भने विभागले लाइसेन्स छाप्ने प्रक्रिया नै बन्द गर्ने योजना बनाएको छ । 'ढिलोचाँडो लाइसेन्सको आवश्यकता नपर्ने नै हो, अहिले नै त्यो निर्णयमा पुगेका छैनौं,' यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भने, 'साउनबाट कार्यान्वयनमा आएपछि केही समय हेरौं, अनि थप निर्णय हुन्छ ।'

**१ करोड परिचय पत्र छापिन बाँकी**

लाइसेन्सलाई राष्ट्रिय परिचय पत्रमा एकीकृत गरेपछि छपाइको समस्या भने समाधान हुने देखिँदैन । राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागका अनुसार १ करोड ५० लाख व्यक्तिले राष्ट्रिय परिचय पत्रका लागि निवेदन दर्ता गराएका छन् ।

अहिले नयाँ राहदानी बनाउन र नवीकरणका लागि राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य गरिएको छ । सरकारले १ साउनदेखि सामाजिक सुरक्षा भत्ताका लागि पनि राष्ट्रिय परिचय पत्र अनिवार्य गर्ने निर्णय गरेको छ । त्यसैले राष्ट्रिय परिचय पत्रमा आवद्ध हुनेहरूको संख्या निरन्तर बढ्दो छ । तर पञ्जीकरण विभागले पनि समयमा राष्ट्रिय परिचय पत्र दिन सकेको छैन । विभागका अनुसार हालसम्म करिब ४० लाखले मात्रै राष्ट्रिय परिचय पत्र प्राप्त गरेका छन् ।

बाँकी एक करोडभन्दा बढीले पाएका छैनन् । राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागका निर्देशक दिलकुमार तामाङका अनुसार अहिले दैनिक २५ हजार हाराहारी परिचय पत्र दैनिक छापिँदै आएको छ । नियमत यही गतिमा छपाइ हुने हो भने पनि यसकै लागि एक वर्षभन्दा बढी समय लाग्ने देखिन्छ ।

**ट्राफिकले कसरी चेकजाच गर्ला ?**

विभागको योजनाअनुसार लाइसेन्सलाई राष्ट्रिय परिचय पत्रमा एकीकृत भयो र पञ्जीकरण विभागले छपाइ गरेर दियो भने पनि सडकमा ट्राफिक प्रहरीले कसरी चेकजाँच गर्ने भन्ने अलमल कायमै छ । स्मार्ट लाइसेन्स वितरण सुरु गर्दा विभागले ट्राफिक प्रहरीलाई रिडेबल मेसिन दिने बताएको थियो । तर काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले अहिलेसम्म स्मार्ट लाइसेन्स रिड गर्ने मेसिन पाएको छैन ।

कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार सडकमा खटिएका ट्राफिक प्रहरीहरूले स्मार्ट लाइसेन्समा उल्लेख भएको विवरण आँखाले हेरेर चेकजाँच गर्ने गरेका छन् ।

अब राष्ट्रिय परिचय पत्रमा एकीकृत गर्दा कसरी चेकजाँच गर्ने भन्ने अन्योल हुनेछ । किनकि राष्ट्रिय परिचय पत्रमा नाम, परिचयपत्र नम्बर, जारी भएको मिति लगायतका विवरण मात्र उल्लेख हुन्छ ।

**थप विवरणका लागि क्युआर कोड छ**

आगामी आर्थिक वर्ष २०८१/८२ को पहिलो दिन अर्थात १ साउनदेखि लाइसेन्सलाई राष्ट्रिय परिचय पत्रमा एकीकृत गर्ने बताएका यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालका अनुसार पनि ट्राफिक प्रहरीले कुन माध्यमबाट परिचय पत्रको क्युआर स्क्यान गर्छन् भन्नेमा विभाग अहिलेसम्म निर्णयमा पुगेको छैन । भन्छन्, 'प्राविधिक काम भइरहेको छ । एप्लिकेसन बनाएर मोबाइलबाट हेर्ने वा ट्राफिकलाई नयाँ डिभाइस दिने निर्णय भइसकेको छैन ।'

*(स्रोतः अनलाइनखबर)*

# ५ वर्षपछि निर्देशनमा फर्किएकी दीपाश्री

काठमाडौं/नेपाली फिल्ममा महिला निर्देशकहरुको उपस्थिति औंलामा गन्न सकिने मात्र छ । त्यसमा पनि एकाधले निरन्तर फिल्म बनाउँछन् । नभए धेरैले त पहिलो फिल्मपछि निर्देशनलाई अगाडि बढाउन पनि सकेका छैनन् । तर, नेपाली फिल्ममा सर्वाधिक सफल फिल्म दिने निर्देशकमा महिला पनि पर्छन् । त्यसमध्येको एक नाम हो, दीपाश्री निरौला । उनले सफलतामा 'ह्याट्रिक' नै गरिसकेकी छन् ।

लामो समय हाँस्य टेलिश्रृंखला 'तीतो सत्य'मा काम गरेपछि '६ एकान ६'बाट फिल्म निर्माणमा होमिएकी उनले पहिलोपटक 'छक्का पञ्जा' निर्देशन गरेकी थिइन् । यो फिल्मले घरेलु बजारमा व्यापारिक रेकर्ड नै बनायो । यसपछि यसको अरु दुई श्रृंखला पनि उनले निर्देशन गरिन् । तीन फिल्मको सफलतापछि उनले सर्वाधिक सफल फिल्म दिने नेपाली महिला निर्देशनको कीर्तिमानी नै बनाइन् ।



'छक्का पञ्जा ३'पछि भने दीपाश्रीको सक्रियता निर्माण र अभिनयमा मात्र देखियो । 'छ माया छपक्कै'मा प्रस्तुतकर्ताको रुपमा थिइन् भने 'छक्का पञ्जा ४'मा मुख्य भूमिका निभाइन् । अब भने उनी ५ वर्षपछि निर्देशनमा फर्किएकी छन् । यतिबेला उनको निर्देशनमा 'छक्का पञ्जा ५' तयार भइरहेको छ । फिल्मको ठूलो 'ब्रान्ड भ्यालु' रहेकोले यसले पनि व्यापारिक सफलता पाउने निश्चित प्रायः छ ।

दीपाश्रीको टिमलाई 'कबड्डी ४'ले बक्स अफिसमा बनाएको २२ करोडको रेकर्ड तोड्नुपर्ने सबैभन्दा ठूलो चुनौती छ । यसले गर्दा नै उनीहरुले 'माग्ने राजा' नाममा फिल्म बनाउने तयारीलाई तत्काल रोकेर 'छक्का पञ्जा ५' अगाडि सारेको चर्चा छ । आगामी दशैंको फूलपातीबाट प्रदर्शनमा आउने यो फिल्मले 'कबड्डी ४'को रेकर्ड तोडेर नयाँ मानक बनाएको खण्डमा दीपाश्रीले इतिहास रच्नेछिन् ।

# 'मैले फिल्म क्षेत्र छाडेको छैन' :राजेश हमाल

काठमाडौं/कुनै समय अभिनेता राजेश हमालका फिल्म वर्षमा महिनाभन्दा ज्यादा रिलिज हुन्थे । विगत ७/८ वर्षयता भने उनका एउटै फिल्म आएका छैनन् । उनको पछिल्लो फिल्म 'सकुन्तला' थियो । यसपछि उनले फिल्ममा काम नै गरेका छैनन् । जसले गर्दा अब उनले फिल्म क्षेत्र छाडेका त होइनन् भन्ने आशंका उब्जिएको छ । र, यसबारेमा उनले प्रष्टीकरण समेत दिनुपर्ने अवस्था आइपुगेको छ ।

यसै साता ६०औं जन्मदिन मनाएका उनले हालै एक अन्तर्वार्तामा आफूले फिल्म क्षेत्र नछाडेको प्रष्ट पारेका छन् । उनी भन्छन्, 'मैले यो विधा छाडेको छैन । म यसमा नै छु । अहिलेको विन्दूमा आइपुग्दा चाहिँ यो विधाले नै निम्त्याएका अन्य कार्यहरुमा व्यस्त छु ।' फिल्ममा काम गर्न ढिलाई भए पनि अब चाँडै फर्किने उनले संकेत गरे । उनी भन्छन्, 'ढिला भए पनि दुरुस्त तरिकाले आउनेछु ।'

उनी आफूलाई फिल्मको प्रस्ताव भने आइरहेको बताउँछन् । 'मेकरहरुले मलाई 'अप्रोच' गरिरहनुभएकै छ । विदेश बस्ने मेकरहरुले पनि रुचि देखाउनुभएको छ । मेरै अवस्था (उमेर)लाई हेरेर स्क्रिप्टमा काम गरिरहनुभएको छ । तर, त्यो अत्यन्त प्रारम्भिक चरणमा छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मउवासंघको कृषिसम्बन्धी अवधारणा प्रस्तुत

साझाकुरा संवाददाता




मकवानपुर, २९ जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा र उपाध्यक्ष संजीव श्रेष्ठ समक्ष कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरेको छ । मंगलबार हेटौंडामा कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरिएको हो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा संघका सहकोषाध्यक्ष तथा कृषि प्रवर्द्धन समितिका संयोजक निलम पाण्डेले कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरेका थिए । कार्यक्रममा मउवासंघका अध्यक्ष गुप्ताले कृषि र कृषिउद्यमबारे चर्चा गरेका थिए । भीमफेदी गाउँपालिका अध्यक्ष लामाले प्रस्तुतिकरणमा आएका सुझावहरु महत्वपूर्ण रहेकाले पालिकाको नीति निर्माणमा मागदर्शक हुने बताए ।

उनले सरकारको एकल प्रयासले मात्र सबै लक्ष्य प्राप्त हुन नसक्ने भएकाले निजी क्षेत्रसँग सहकार्य महत्वपूर्ण हुने बताए । वैदेशिक तथा आन्तरिक ऋणको सहायताले देशको बजेटलाई पूर्णता दिनुपर्ने अवस्था रहेको, नेपालको जमिनको ४९ प्रतिशत भाग जंगलले ओगटेकाले वनलाई आयआर्जनसँग जोड्नुपर्ने, सचेत नागरिक नै आयआर्जनमा नरहेको र उत्पादनसँग नजोडिएको अध्यक्ष लामाको भनाइ थियो ।

कृषिप्रधान मुलुकमा तरकारी तथा खाद्यान्न विदेशबाट आयात गर्नुपर्ने बाध्यताप्रति अध्यक्ष लामाले चिन्ता व्यक्त गरे । उनले तीन तहको सरकारमध्ये जनताको सबैभन्दा नजिक पालिका रहेको, भीमफेदी गाउँपालिकाले किसानलाई रैथाने कोदो उत्पादनमा अनुदान तथा न्यूनतम समर्थन मूल्य प्रतिकिलो ५६ रुपैयाँ तोकी पालिकाले नै खरिद गरेर किसानलाई प्रोत्साहन गरेको, हाटबजार संचालनले बिचौलियालाई निरुत्साहित गर्ने भएकाले भीमफेदीले हाटबजार संचालन गर्न गइरहेको, भीमफेदीको सुपिडमा विषादिरहित कृषि अवधारणामा काम भइरहेको, बजेटको सिमितताले सबै कामहरु गर्नसक्ने अवस्था नरहेको बताए ।

आफ्नो पालिकामा सिस्नुको पाउडर उत्पादन भइरहेको, साग, मुला, बन्दा तथा काउलीको उपयोग गर्नेगरी गुन्द्रुकको उद्योग संचालन गर्न गइरहेको, मिनरल वाटरको उद्योग संचालन गर्ने योजना रहेको, भीमफेदीको कृषि उत्पादन बजारीकरण गर्न र पर्यटन प्रवर्द्धनमा मउवासंघसंग सहकार्य गर्न सकिने अध्यक्ष लामाले बताए ।

मउवासंघका उपाध्यक्ष उज्वल चौलागाईले कृषिउद्यम क्षेत्रमा लगानी, ब्राण्डिङ, बजारीकरण र पर्यटनमा पालिकासँग संघले सहकार्य गर्नसक्ने बताए । कार्यक्रममा भीमफेदी गाउँपालिकाका कृषि शाखाप्रमुख उज्वल रानामगरले कृषिउत्पादनमा प्रबिधिको प्रयोग गर्न जरुरी रहेको बताए । संघका कोषाध्यक्ष सन्तोषकुमार अर्याल, सचिव राजाराम कार्की, कार्यसमिति सदस्य तथा मउवासंघको कृषि प्रवर्द्धन समितिका सदस्यको सहभागिता रहेको थियो । मउवासंघले यसअघि विभिन्न चरणमा जिल्लाका १० पालिकामध्ये आठवटा पालिकामा कृषिसम्बन्धी अवधारणा प्रस्तुतिकरण गरिसकेको छ ।

# बकैयामा साइलेज उत्पादन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ मकवानपुरको बकैया गाउँपालिकाले साइलेज तथा दाना उत्पादन सुरु गरेको छ । बकैया-७ हात्तीखोलामा उद्योग स्थापना गरी साइलेज तथा दाना उत्पादन सुरु गरिएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए ।

सहुलियत दरमा कृषकलाई पशुआहारा उपलब्ध गराउने उद्देश्यले साइलेज तथा दाना उद्योग स्थापना गरी उत्पादन सुरु गरेको अध्यक्ष लामिछानेले बताए । उनका अनुसार राष्ट्रिय योगना आयोगको ५० लाख रुपैयाँ सहयोगमा निर्माण गरिएको उद्योगमा पालिकाले करिब ५ करोड रुपैयाँ खर्चिएको हो । साथै उद्योगमा बागमती प्रदेश सर कारबाट पनि उपकरण र केही आर्थिक सहयोग प्राप्त भएको उनको भनाई छ ।

सुख्खायाममा घाँसको अभावमा दूध उत्पादन घट्ने हुँदा पहिले नै तयार पारेर राखेको साइलेज पशुआहारका लागि अत्यन्त उपयुक्त हुने भएकाले पशुपालक किसानको समस्यालाई बुझेर उद्योग संचालनमा ल्याइएको अध्यक्ष लामिछानेले बताए । पालिकाका कृषिअधिकृत सचित रिजालका अनुसार किसानलाई पीठो तथा चोकरको मूल्य महँगो पर्ने र साइलेजमा उत्पादन लागत कम पर्ने भएकाले उत्पादन थालिएको हो ।

पहिलो चरणमा पालिका भित्रका कृषकलाई पुग्ने गरी साइलेज तथा दाना उत्पादन गरिने भन्दै उनले विस्तारै अन्य पालिकामा समेत निर्यात गर्ने गरी उत्पादन बढाउने तयारी रहेको जानकारी दिए । उद्योग सञ्चालनमा आएसँगै प्रत्यक्ष रुपमा ३० जनाले रोजगारी प्राप्त गरेको गाउँपालिकाले जनाएको छ ।

# औषधिजन्य जडिबुटी प्रवर्द्धनसम्वन्धी बहुपक्षीय समन्वय बैठक



साझाकुरा संवाददाता

मकवानपुर, २९ जेठ/ बागमती प्रदेश स्वास्थ्य मन्त्रालय हेटौंडाको आयोजनामा औषधिजन्य जडिबुटी प्रवर्द्धन सम्वन्धी बहुपक्षीय समन्वय बैठक सम्पन्न भएको छ । मगलवार स्वास्थ्य मन्त्रालयको सभाहलमा स्वास्थ्य सचिव बद्रीबहादुर खड्काको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

बैठकमा वनस्पति अनुसन्धान केन्द्रप्रमुख रघुराम पराजुलीले प्राथमिकतामा रहेका जडिबुटी, जडिबुटी तथा गैरकाष्ठ वनपैदावारसम्वन्धी आफ्नो प्रस्तुतिकरण दिएका थिए । आयुर्वेद औषधि उत्पादन केन्द्रका प्रमुख डा. सुरेश महर्जनले आयुर्वेद औषधि उत्पादन केन्द्रको स्थापना तथा संचालन, आयुर्वेद औषधि उत्पादन केन्द्रको उद्देश्यबारे प्रष्ट पारेका थिए । बैठकमा विभिन्न मन्त्रालयका सचिव, स्वास्थ्य महाशाखा प्रमुख, स्वास्थ्य निर्देशनालयका महाशाखा प्रमुख, डिभिजन वन कार्यलयका मकवानपुरका प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सक, सामुदायिक वन उपभोक्ता महासंघका प्रमुखलगायतको सहभागिता रहेको थियो ।

बागमती प्रदेशमा औषधजिन्य जडबिुटी उपभोगका लागि आत्मनिर्भर हुन यसमा संलग्न हुने संघीय र प्रदेश वन तथा वातावरण मन्त्रालय, संघ, प्रदेश र स्थानीय सरकारका निकायहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य निर्देशनालय, बनस्पति अनुसन्धान केन्द्र, वनवज्ञिान अध्ययनसँग सम्बन्धति संस्थाहरु, वन निर्देशनालय, आयुर्वेद औषधि उत्पादन केन्द्र, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता र अन्य सरोकारवाला समेटी आगामी दिनमा बैठक बोलाउने निर्णय भएको छ ।

जडिबुटी प्रवर्द्धन र उत्पादन सम्बन्धमा विस्तृत छलफल गर्ने निर्णय भएको बताइएको छ । आयुर्वेद औषधि उत्पादन केन्द्रलाई औषधि उत्पादनको लागि आवश्यक कच्चापदार्थ (जडिबुटी) उत्पादनको लागि विषयगत मन्त्रालय, कार्यालय र बिभिन्न निकायसँग समन्वय गरी औषधि उत्पादनका लागि आवश्यक जडिबुटीको सूची, परिमाण र त्यसको भौगोलिक क्षेत्रलगायतको विषयमा आगामी बैठकमा आयुर्वेद औषधि उत्पादन केन्द्रले पेश गर्ने निर्णय भएको छ ।

जडिबुटी प्रवर्द्धन गर्न आयुर्वेद तथा वैकल्पकि चिकित्सालय र अन्य सम्बन्धित सरोकारवाला निकायले भुगोल अनुसारका जडिबुटी रोप्ने कार्य अगाडि बढाउने निर्णय भएको छ । जडिबुटी प्रवर्द्धन र उत्पादनका लागि सहजिकरण गर्न बहुपक्षीय निकाय समेटी स्वास्थ्य मन्त्रालयले देहाय बमोजिमको समिति गठन गर्ने निर्णय भएको छ । समितिको टीओआर (कार्यक्षेत्रगत विवरण) मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

# बकैया गाउँपालिका अध्यक्षसँग बालबालिकाको दोहोरो सम्बाद

साझाकुरा संवाददाता

मकवानपुर, २९ जेठ/ बालश्रमबिरुद्धको विश्वदिवसको अवसरमा बकैया गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, तथा प्रमुख प्रशासकीयअधिकृतसँग बालश्रममा संलग्न तथा बालक्लवका बालबालिकासँग अर्न्तक्रिया भएको छ ।

घरेलु बालश्रमिक रिना भोलनको सभाध्यक्षता, बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, निमित्त प्रमुख प्रशासकीय अधिकृत युवराज सुबेदी, बालकल्याण समाजको अध्यक्ष प्रकाश खतिवडा, बकैया-३ का बडाअध्यक्ष भुमलसिं घलान, रोजगार संयोजक रामचन्द्र खडका, महिला विकास निरीक्षक होमकुमारी संजेल, बालमैत्री सहजकर्ता सबिन खड्कालगायतको सहभागितामा बालबालिकासँग अर्न्तक्रिया भएको हो ।

बकैया, स्वतन्त्रता अभियान नेपाल, बालकल्याण समाज मकबानपुर र ग्लोबल मार्चको संयुक्त आयोजनामा कार्यक्रम भएको हो । समाजका अध्यक्ष खतिवडाले पालिकाको नीति, योजना र बजेट बनाउने बेलामा श्रमिक बालबालिकाको आवाजको सुनुवाई गर्दै श्रमिक बालबालिकाको सर्बोत्तम हितको लागि कामगर्न र बालसंरक्षण प्रणालीको सुदृढिकरण गर्दै बालश्रममुक्त स्थानीय सरकार बनाउनको लागि कार्यक्रम गरिएको बताए ।

बिभिन्न श्रममा संलग्न बालबालिका र बालक्लबका बालबालिकाले स्पष्टरुपमा भोगिरहेको समस्याको बारेमा उजागर गर्दै प्रश्न सोधेका थिए । गाउँपालिका अध्यक्ष लामिछानेले यस्ता कार्यक्रम बेलाबेलामा हुनुपर्ने बताउँदै बालबालिकाको प्रश्नको उत्तर बालमैत्री रुपमा दिए ।

पालिकाबाट कार्यकाल सकिएर बिदा हुने बेलासम्म बालबालिकाको क्षेत्रमा उल्लेखनीय काम गरेर जाने सोच बनाएको अध्यक्ष लामिछानेले बताए । बालश्रममुक्त, बालमैत्री कार्यको थालनी भएको उनले बताए ।

बकैयाको बिपन्न बालबालिकाको शिक्षाको जिम्मेबारी पालिकाले लिएको बताउँदै अध्यक्ष लामिछानेले यसका लागि पालिकामा सम्पर्क गर्न आग्रह गरे । बकैयाका सामुदायिक विद्यालयमा सहयोग शुल्क उठाएको विषयमा पालिकाले यस बारेमा ब्यबस्थापन गर्न खोजिरहेको बताए ।

# स्वास्थ्य स्वयमसेविकासँग हिंसाविरुद्ध सचेतना कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाले लैगिंकतामा आधारित हिंसाविरुद्ध सचेतनामुलक जानकारी कक्षा सञ्चालन गरेको छ ।

महिलाअधिकारको सवालमा कार्यरत विभिन्न संस्थाबीचमा कार्यगत एकताको लागि कार्यक्रम गरिएको हो । संघमा आवद्ध महिला स्वास्थ्य स्वयमसेविकाहरु, एकद्वार शंकट व्यवस्थापक केन्द्र (ओसिएमसी), माइती नेपाल, बालकल्याण समाजलगायतको उपस्थितिमा कक्षा सञ्चालन गरिएको हो । कार्यक्रमपछि यी संस्थाबीचको कार्यगत एकता, रिफर प्रणालीबारे बुझाइमा स्पष्ट बनाउन सहयोग पुगेको सहभागीले बताए ।

कार्यक्रममा परिवार नियोजन संघ मकवानपुर जिल्ला शाखा पूर्वसभापति प्रकाश खतिवडाले सहजिकरण गरेका थिए । छलफलपछि सहभागीलाई हिंसाबारे बुझ्न समस्याको पहिचान, समाधानको लागि संस्थागत समन्वयमा समेत आगामी दिनमा सहजरुपमा काम गर्न सहयोग हुने अपेक्षा गरिएको खतिवडाले बताए । सहभागीले महिलाको सवालमा कानूनमा गरिएको व्यवस्थाबारे जानकारी नभएकोले काम गर्न समस्या हुने गरेको बताए ।

महिलाको स्वास्थ्य अधिकारको सवालमा सहभागीले छलफल गरेको खतिवडाले बताए । कार्यक्रमपछि महिला स्वास्थ्य स्वयमसेविकाले हिंसाको सवालमा आगामी दिनमा विभिन्न संस्थामा उचित उपचारको लागि रिफर गर्ने बताए । महिलाहिंसामुक्त समाज निर्माणको लागि सचेतनाको पाटो सशक्त बनाउन कार्यक्रमले प्रभावकारी भूमिका निर्वाह गरेको संघको केन्द्रीय सदस्य निगम श्रेष्ठले बताए ।

लैगिंकताको आधारमा हुने हिंसा, त्यस विरुद्धको कानूनी घटना रिफर गर्न तथा न्यायको लागि अघि बढ्न कार्यक्रम प्रभावकारी भएको केन्द्रीय सदस्य श्रेष्ठले बताए । कार्यक्रमा शाखाप्रबन्धक ममता श्रेष्ठ, लेखापाल महेश पाण्डेलगायतको उपस्थिति थियो । आफूहरुलाई समय समयमा कम आवश्यक भएको परिवर्तित कानूनी व्यवस्थाबारे प्रशिक्षण कार्यक्रमको समेत अवश्यकता रहेको सहभागीले बताएका थिए ।

# मुटुरोगी लक्षित नि:शुल्क स्वास्थ्य शिविर हुँदै

साझाकुरा संवाददाता




हेटौंडा, २९ जेठ/ मुटुरोगीलाई लक्षित गर्दै हेटौंडामा नि:शुल्क स्वास्थ्यशिविर हुने भएको छ । हेटौंडा उपमहानगरपालिका-४ नं. वडा कार्यालय र नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको संयुक्त आयोजनामा जेठ ३२ गते रोयल पार्टी प्यालेसमा नि:शुल्क स्वास्थ्यशिविर हुन लागेको हो ।

मंगलबार वडा कार्यालयमा पत्रकार सम्मेलन गर्दै ४ नं. वडाअध्यक्ष नवीन सिग्देलले स्वास्थ्यशिविरको बारेमा जानकारी गराए । शिविरमा मुटुरोग, हाडनशा र फिजिसियनको सेवा प्रदान गर्नुको साथै १५ दिनको लागि नि:शुल्क औषधि समेत वितरण गरिने अध्यक्ष सिग्देलले जानकारी दिए । त्यस्तै शिविरमा इसिजी, इको, ब्लड, सुगर परीक्षण लगायतको समेत सेवा रहने छ ।

मुटुरोग विशेषज्ञ प्रा.डा.मनोज श्रेष्ठ, अल्ट्रा साउण्ड प्रा.डा.सुमन कर्माचार्यलगायतले स्वास्थ्यपरीक्षण गर्ने प्रतिष्ठानको मकवानपुर शाखाका अध्यक्ष विजय वैद्यले बताए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र मकवानपुर सहकारी अस्पतालको प्राविधिक सहयोगमा शिविर हुन लागेको हो ।

# कानुन सरोकारवाला र विज्ञको सहभागितामा मात्रै बन्नुपर्छ: सभामुख पाठक



साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ बागमती प्रदेशका सभामुख भुवन पाठकले सांसद, सरोकारवाला र विज्ञको सहभागितामा मात्र कानुन निर्माण गर्नुपर्ने बताएका छन् ।

बागमती प्रदेश सचिवालयले मंगलबार आयोजना गरेको प्रदेशमा कानुन कार्यान्वयनको अवस्था र चुनौती सम्बन्धमा स्थानीय तहसँगको छलफलमा उनले कानुन निर्माण गर्दा सबै पक्षको सहभागिता र अपनत्व हुनुपर्ने बताएका हुन् । 'कानुन व्यक्ति, जीवन, विकास र पर्यावरणसँग सम्बन्धित हुनेभएकाले निर्माणपूर्व नै सबैसँग छलफल गरेर बनाउनुपर्छ', सभामुख पाठकले भने ।

सभामुख पाठकले यसअधिका धेरैजसो कानुन छलफल नगरी मन्त्रीको आदेशमा कर्मचारीले बनाएर लागू गर्दा समस्या आएको सुनाए । बागमती प्रदेशका उपसभामुख अप्सरा चापागाईंले जसको सवाल उसको नेतृत्व भन्ने नीतिअनुसार कानुन निर्माण नहुँदा जनताले फाईदा लिन नसकेकोले विषयगतरुपमा सरोकारवालासँग छलफल गर्नुपर्ने बताइन् । उनले अब प्रदेशसभाले विरोधाभासपूर्ण कानुन संशोधन गर्नुपर्ने, प्राकृतिक स्रोत, विकास र जनताको सरोकारका कानुन बनाउँदा जनतासँग छलफल गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता कृष्णभक्त पोखरेलले संघ, प्रदेश र स्थानीय तहले संविधान कार्यान्वयन गर्न र आवश्यकताअनुसार सुधार गर्नुपर्ने आवश्यकता औंल्याए ।

बागमति प्रदेशले बनाएका ७८ कानुनमध्ये ४७ कानुन कार्यान्वयनमा रहेको उल्लेख गर्दै उनले कानुन निर्माणको क्रममा सार्वभौम जनताले जिताएका सासदलाई ह्वीप लगाउन नहुने बताए । कानुन बनाउँदा सर्वोच्च अदालतको नजिर, संविधानको व्यवस्था, जनताको पक्ष र अन्तर्राष्ट्रिय महासन्धि हेरेरमात्र बनाउनुपर्ने पोखरेलको भनाइ छ ।


## जनहितमा जारी सन्देश !

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित बानी व्यहोराले हृदयघातबाट बच्न सकिन्छ ।

**कस्तो बानिव्यहोराले बच्न सकिन्छ त ?**

☞ सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
☞ मध्यपान सेवन नगर्ने,
☞ स्वास्थ्यकर खाना खाने,
☞ नियमित रुपमा व्यायाम गर्ने,

**निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्यजाँच गराउने**

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दु:खाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्दमन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरीवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर बानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल



## जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
७ नं. वडा समिति


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना